# निर्वाचन अनुगमनका लागि जारी रुजुसूचीहरु र मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमन गर्दा अनुगमनकर्ताले पालना गर्नुपर्ने आंचारसहिंता

## क) निर्वाचन अनुगमनको लागि जारी रूजुसूचीहरू

### मतदान-पूर्व अनुगमन

अनुगमन गरिएको जिल्ला :

अनुगमन गरिएको निर्वाचन क्षेत्र :

प्रतिनिधिसभा : मतदान केन्द्र / उपकेन्द्र :

अनुगमन सुरू गरिएको मिति र समय :

अनुगमन सम्पन्न गरिएको मिति र समय :

सूचनादाताको नाम : सम्पर्क नं. :

सोधपुछबाट सङ्कलन गरिने सूचनाको विवरण

१.अनुगमन गरिएको जिल्लामा मतदाता नामावली दर्ता सम्बन्धमा कुनै गुनासो रहे नरहेको ?

रहेको □ नरहेको □

१.१ गुनासो रहेको भए कति जनाको र कस्तो प्रकारको रहेको थियो ?

..........................................................................................................................................

२.अनुगमन गरिएको जिल्लामा के कति सङ्ख्यामा प्रत्यक्ष उम्मेदवारहरू छन् ? कती पुरूष, महिला, र अन्य ? नोट: (अनिवार्य रूपमा आदिवासी जनजाति/दलित/खसआर्य/मधेसी/थारू/मुस्लिम/अपाङ्गता भएका व्यक्ति तथा अन्य सिमान्तकृतको तथ्याङ्क रहनुपर्ने) दलित अपाङ्गता भएका व्यक्ति □ मधेसी महिला □ आदिवासी/जनजाति □ लैङ्गिक अल्पसङ्ख्यक □ अल्पसङ्ख्यक लोपोन्मुख खसआर्य □ अन्य ..............................

३. उम्मेदवार/दलहरूले स्वतन्त्र रूपमा चुनाव प्रचार-प्रसार गर्न पाएका थिए/थिएनन् ? थिए □ थिएनन् □

३.१ पाएका थिएनन् भने सो कार्यमा कोबाट कसरी (भौतिक उपस्थिति वा अन्य माध्यम, अफलाइन वा अनलाइनबाट) अवरोध सिर्जना भएको थियो ?

..........................................................................................................................................

३.२ राजनीतिक दलहरूबाट गरिने प्रचार-प्रसारमा महिला तथा सिमान्तकृत उम्मेदवारहरूलाई नेतृत्वदायी भूमिका कस्तो रहेको पाइयो ?

..........................................................................................................................................

३.३ चुनाव प्रचार- प्रसार गर्न उम्मेदवारहरूलाई बाधा/अवरोध (भौतिक उपस्थिति वा अन्य माध्यम, अफलाइन वा अनलाइनबाट) पुर्‍याइएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

३.३.१ यदि पाइयो भने के/कसरी बाधा पुर्‍याइएको पाइयो ?

..........................................................................................................................................

३.३.२ यदि थियो भने कोबाट के कसरी (भौतिक उपस्थिति वा अन्य माध्यम, अफलाइन वा अनलाइनबाट) प्रयोग भएको थियो ?

..........................................................................................................................................

४. कुनै उम्मेदवार/दलका प्रतिनिधि वा कार्यकर्तालाई कसैले बलको प्रयोग गरी वा डर, धाक, त्रास देखाई(अनलाइन दुर्व्यवहार/साइबर धम्की), आफ्नो कब्जामा लिई, अपहरण गरी वा अन्य कुनै किसिमले बन्धक बनाई निर्वाचन प्रचार-प्रसार गर्नबाट रोकिएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

४.१ पाइएको थियो भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्तालाई गरिएको थियो र कसले ?

..........................................................................................................................................

५. कुनै उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै व्यक्तिको घरमा जबर्जस्ती प्रवेश गरी खाने/बस्ने वा डिजिटल/निजी स्पेसको दुरूपयोग गर्ने कार्य गरेका थिए/थिएनन् ?

थिए □ थिएनन् □

५.१ यदि थिए भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले त्यस्तो कार्य गरेका थिए र कस्को घरमा ?

..........................................................................................................................................

६. कुनै उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचार-प्रसारको लागि जबर्जस्ती चन्दा माग्ने (प्रत्यक्ष वा डिजिटल माध्यमबाट) कार्य गरेका थिए/थिएनन् ?

थिए □ थिएनन् □

६.१ थिए भने कुन उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले त्यस्तो कार्य गरेका थिए ?

..........................................................................................................................................

७. निर्वाचनको सिलसिलामा आमसञ्चारका साधन, सार्वजनिक स्थल, digital सामग्रीको प्रयोगमा सबै राजनीतिक दलहरूलाई समय तथा पहुँच उपलब्ध गराइएको थियो/थिएन ?

थियो □ थिएन □

७.१ .निर्वाचन प्रचार-प्रसारको क्रममा सामाजिक सञ्जाल वा अन्य केही माध्यमबाट गाली गलौज, गलत र भ्रामक सूचना, घृणास्पद अभिव्यक्ति वा चारित्रहत्या, यौन दुराचारका शब्द आदिको प्रयोग गरेको पाइयो/पाइएन?

पाइयो □ पाइएन □

पाइयो भने के-कस्तो र को बाट गरेको पाइयो?

..........................................................................................................................................

८. निर्वाचन आयोगले मतदाता शिक्षा दिएको पाइयो पाइएन ?

पाइयो □ पाइएन □

८.१ राजनीतिक दल, उम्मेदवार वा प्रतिनिधि र सरोकारवालाले मतदाता शिक्षा दिइएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

८.२ पाइयो भने कुन भाषामा दिइएको थियो ? छापा, डिजिटल वा अन्य कुन माध्यमबाट दिइएको थियो ?

.......................................................................................................................................................

९. सुरक्षा प्रबन्ध तथा मतदान केन्द्रको व्यवस्थापन कस्तो थियो ?

व्यवस्थित ☐ सामान्य ☐ अव्यवस्थित ☐

९.१. मतदानस्थलमा महिला सुरक्षाकर्मीहरू परिचालन गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

१०. मतदान केन्द्र लैङ्गिकमैत्री र ज्येष्ठ नागरिक/अपाङ्गतामैत्री थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐ थिए भने कस्तो प्रकार

.......................................................................................................................................................

१०.१. स्वास्थ्य चौकीमा मतदान केन्द्र रहेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१०.२ पाइयो भने मतदान केन्द्रको नाम र ठेगाना ?

.......................................................................................................................................................

११. प्रहरी प्रशासनमा मतदाता/उम्मेदवार/पर्यवेक्षक वा अन्य सरोकारवालाको सुरक्षाको विषयमा उजुरी परेको छ/छैन ?

छ ☐ छैन ☐

११.१ यदि उजुरी परेको भए कोबाट कुन विषयमा कहिले उजुरी परेको थियो ?

.......................................................................................................................................................

# मतदानको दिन अनुगमन

अनुगमन गरिएको जिल्ला :

अनुगमन गरिएको निर्वाचन क्षेत्र :

प्रतिनिधिसभा : मतदान केन्द्र/उपकन्द्र :

अनुगमन सुरू गरिएको मिति र समय :

अनुगमन सम्पन्न गरिएको मिति र समय :

सूचनादाताको नाम : सम्पर्क नं. :

<u>सोधपुछबाट सङ्कलन गरिने सूचनाको विवरण</u>

१. मतदान केन्द्र पायक पर्ने र पहुँचयुक्त स्थानमा थियो/थिएन ?

थियो □ थिएन □

२. मतदाताहरूको मतदान केन्द्रसम्मको निर्वाध आवागमनमा कुनै अवरोध सिर्जना गरिएको थियो/थिएन ?

थियो □ थिएन □

२.१ अवरोध सिर्जना भएको थियो भने कोबाट भएको थियो ?

राजनीतिक दल □ सुरक्षाकर्मी □ निर्वाचनमा खटिएका कर्मचारी □

पर्यवेक्षक □ अन्य □

२.२ अवरोध सिर्जना गर्ने पक्ष कुन दल वा निकाय को थियो र कसरी (भौतिक उपस्थिति/अनौपचारिक वा संचारबाट) अवरोध सिर्जना भएको थियो ? सम्पूर्ण विवरण खुलाउनुहोस ।

.......................................................................................................................................

३. मतदान केन्द्र/उपकेन्द्रमा मतदाताहरूले स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्न पाएका थिए/थिएनन् ?

थिए □ थिएनन् □

३.१ यदि थिएनन् भने अवरोधकर्ता को थिए र कसरी (भौतिक उपस्थिति/अफलाइन /अनलाइन वा अन्य माध्यमबाट) अवरोध सिर्जना भएको थियो ?

राजनीतिक दल □ सुरक्षाकर्मी □ निर्वाचनमा खटिएका कर्मचारी □ पर्यवेक्षक □ डिजिटल स्पेस□ अन्य □

.......................................................................................................................................

४. महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति वा धार्मिक समुदाय आदि भएको कारणबाट कसैले मतदानबाट वञ्चित हुनुपरेको थियो/थिएन ?

थियो □ थिएन □

४.१ यदि थियो भने को-बाट कसरी वञ्चित गराइएको थियो ?

.............................................................................................................................................

४.२ महिला मतदाताहरूलाई मतदान गर्नको लागि निरूत्साहित हुने गरी कुनै प्रकारको असहज हुने माध्यमहरू, जस्तै : pम्पलेट छर्ने, सूचना प्रवाह गर्ने आदि कार्यहरू भएका थिए/थिएनन् ?

थियो □ थिएन □

४.२.१ यदि भएको थियो भने कोबाट कसरी भएको थियो ?

.............................................................................................................................................

५. मतदाता प्रतिको राजनीतिक दलका नेता तथा कार्यकर्ताको व्यवहार कस्तो थियो ?

सम्मानजनक □ सामान्य □ अपमानजनक □

६. मतदाताप्रतिको निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूको व्यवहार कस्तो रहेको पाइयो ?

सम्मानजनक □ सामान्य □ अपमानजनक □

७. निर्वाचनमा खटिएका कर्मचारीहरूले स्वतन्त्र रूपमा कार्य गर्न पाएका थिए/थिएनन् ?

थिए □ थिएनन् □

८. निर्वाचनको समयमा सबै उम्मेद्वारका प्रतिनिधिहरूको सहभागिता भएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

९. उम्मेद्वारहरूले नियमभन्दा बढी प्रतिनिधि राखेको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

१०. सहयोगीको आवश्यकता पर्ने मतदाताको लागि सहयोगीको व्यवस्था गरिएको थियो/थिएन ?

थियो □ थिएन □

१०.१ महिलाको लागि छुट्टै लाइन, शौचालय तथा स्तनपान कक्षको व्यवस्था गरिएको थियो/थिएन ?

थियो □ थिएन □

११. तलका मतदाताहरूलाई मतदान गर्नको लागि कुनै विशेष व्यवस्था गरिएको थियो/थिएन ?

११.१ ज्येष्ठ नागरिक

थियो ☐ थिएन ☐

११.२ अपाङ्गता भएका व्यक्ति/अशक्त

थियो ☐ थिएन ☐

११.३ गर्भवती

थियो ☐ थिएन ☐

११.४ सुत्केरी

थियो ☐ थिएन ☐

११.५ दृष्टिविहीन

थियो ☐ थिएन ☐

१२.नेपाली भाषा बोल्न र बुझ्न नसक्ने मतदाताको लागि दोभाषेको व्यवस्था गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

१३.मतदाताले आफ्नो मत गोप्य रूपमा खसाल्न पाएका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

१४.मतदाता/उम्मेद्वार वा निजको परिवारको सदस्यको मर्यादामा आँच पुर्‍याउने कुनै कार्य भएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

१४.१ यदि पुर्‍याएको पाइएको भए, कुन उम्मेद्वार/दलका कार्यकर्ताको त्यसमा कस्तो प्रकारको संलग्नता थियो ?

...............................................................................................................................................

१५. कुनै उम्मेद्वार वा निजका प्रतिनिधि वा कार्यकर्ता वा अरू कसैले बलको प्रयोग गरेर वा डर, धाक, त्रास देखाई मतदानस्थल आफ्नो कब्जामा लिन वा मतपत्र/मतपेटिका वा मतदान सामग्री जवर्जस्ती आफ्नो नियन्त्रणमा लिई जाने, बिगार्ने तथा नष्ट गर्ने कार्य भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाएन ☐

१५.१ पाइएको भए, उक्त कार्य कुन दल वा उम्मेद्वारका प्रतिनिधि वा कार्यकर्ता वा समूहबाट कसरी भएको पाइयो ? दल भए दलको नाम र कार्य यहाँ उल्लेख गर्नुहोस् ..........................................................................................

समूह भए समूहको नाम र कार्य उल्लेख गर्नुहोस् ..........................................................................................

१६. उम्मेद्वार/दलका कार्यकर्ताहरू कुनै व्यक्तिको निजी घर, पसल, विद्यालय वा अन्य कुनै स्थानमा जवर्जस्ती बसेर व्यक्तिलाई अवरोध पुर्‍याएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

१६.१ यदि पाइएको भए, कसले कसरी (भौतिक उपस्थिति/अफलाइन /अनलाइन वा अन्य माध्यमबाट)अवरोध पुर्‍याएका थिए ?

........................................................................................................................................................

१७. मतदान कार्यमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई आफ्नो कर्तव्य पालनामा उम्मेद्वार/दलका कार्यकर्ताबाट कुनै अवरोध थियो/थिएन ? थियो □ थिएन □

१७.१. निर्वाचनमा खटिएका कर्मचारी/सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदीबन्दीहरू, वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकले स्वतन्त्रपूर्वक मतदान गर्न पाए/नपाएको अवस्था कस्तो थियो ?

१८. मतदान केन्द्रमा एक मतदाताको नामबाट अर्कै व्यक्तिले मतदान गरेको कारण कुनै मतदाता मतदान गर्ने अधिकारबाट वञ्चित हुनुपरेको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

पाइयो भने सङ्ख्या कति थियो ? .......................

१९. मतदाता नामावलीमा नाम उल्लेख भएका मतदाता मतदान गर्नबाट वञ्चित भएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

पाइयो भने सङ्ख्या कति थियो ? .......................

२०. मतदान केन्द्र आसपास वा तोकिएको स्थानमा सुरक्षाकर्मीबाहेक अन्य व्यक्ति वा समूहले हतियार साथमा लिएर हिँडेको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

यदि पाइयो भने, कसले ? ...................

२१. निर्वाचनमा कुनै दल/उम्मेद्वारबाट बालबालिकाको प्रयोग भएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

२१.१ यदि पाइएको भए, कुन दल/उम्मेद्वारबाट कसरी (भौतिक उपस्थिति/अफलाइन /अनलाइन वा अन्य माध्यमबाट) प्रयोग गरिएको पाइएको थियो ?

..............................................................................................................................................

२२. पर्यवेक्षक तथाअनुगमनकर्तालाई निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, कुनै दल/उम्मेद्वार वा अन्य पक्ष वा समूहबाट धम्की/दबाव दिने कार्य भएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □

२२.१ यदि यस्तो पाइएको भए, कसले/कसरी (भौतिक उपस्थिति/अफलाइन /अनलाइन वा अन्य माध्यमबाट)गरेका थिए ?

२२.२. मानव अधिकार रक्षकहरूलाई निर्वाचन अवधिमा कुनै व्यक्ति, दल वा निकायबाट स्वतन्त्रपूर्वक मानव अधिकार संरक्षणको कार्यMa अवरोध पुर्‍याएको पाइयो/पाइएन ? पाइयो □ पाइएन □

२३. मतदान केन्द्रमा खानेपानी वा शौचालयको तथा प्राथमिक उपचारको व्यवस्था गरिएको पाइयो/ पाइएन ?

पाइयो □ पाइएन □

पाइयो भने के कति संख्यामा पाइयो ?

.........................................

२४. निर्वाचनमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको भूमिका र व्यवहार कस्तो रहेको पाइयो ?

सम्मानजनक □ सामान्य □ अपमानजनक □

२५. निर्वाचन पर्यवेक्षकहरूले निर्बाध रूपमा पर्यवेक्षण गर्न पाएका थिए/थिएनन् ?

थिए □ थिएनन् □

२६.निर्वाचन पर्यवेक्षकहरूले आचारसंहिताको पालना गरेका थिए/थिएनन् ?

थिए □ थिएनन् □

२७. सुरक्षाकर्मीहरूको सङ्ख्या कति थियो ?

महिला □ पुरूष □ अन्य □

२८. नियमबमोजिम बाहेक मतदान समयपश्चात् पनि मतदान भएको पाइयो/पाइएन ?

पाइयो □ पाइएन □ अन्य ...........................

२९. मतदानमा महिला/अपांगता भएका व्यक्तिहरू /सिमान्तीकृत समुदाय लगायतको सहभागिता कस्तो रहेको थियो ?

उल्लेख्य □ सामान्य □ अन्य ...........................

३०. मतदान केन्द्रमा स्वयंसेवीहरूको परिचालन भएको थियो/थिएन ?

थियो □ थिएन □

३१. स्वास्तिक चिन्ह भएको छापको अवस्था कस्तो पाइयो ?

राम्रो □ बदल्नुपर्ने □ हेर्न नदिएको □

३२. निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरूले खाना , खाजा तथा खानेपानी समयमा नै खान पाएका थिए/थिएनन् ?

थिए □ थिएनन् □

३३.सुरक्षा व्यवस्थामा सुरक्षा निकायका समस्या तथा चुनौतिहरू भए उल्लेख गर्नुहोस् ।

.....................................................................................................................................................

३४. अन्य थप केही जानकारी प्राप्त भएको खण्डमा उल्लेख गर्नुहोस् ।

.....................................................................................................................................................

## मतदान पश्चातको अनुगमन

अनुगमन गरिएको जिल्ला :

अनुगमन गरिएको निर्वाचन क्षेत्र :

प्रतिनिधिसभा : मतदान केन्द्र/उपकेन्द्र :

अनुगमन सुरू गरिएको मिति र समय :

अनुगमन सम्पन्न गरिएको मिति र समय :

सूचनादाताको नाम :सम्पर्क नं. :

**सोधपुछबाट सङ्कलन गरिने सूचनाको विवरण**

१ मतदान केन्द्रमा मतदान सम्पन्न भइसकेपछि मतपेटिका संकलन कार्यमा अवरोध पुऱ्याएको थियो वा थिएन ?

थियो थिएन

१.१ यदि थियो भने कोबाट कुन रूपमा अवरोध पुऱ्याएको थियो ?

...........................................................................................................................................

२ मतपेटिका लैजाँदा निर्वाचन आयोगको तोकिएको प्रक्रिया पूरा गरिएको थियो थिएन ?

थियो थिएन

३. मतपेटिकालाई सुरक्षित तरिकाले मतगणना स्थलसम्म पुऱ्याउने कार्य भयो भएन ?

थियो थिएन

४. मतदाताहरूलाई मतदान गरी सकेपछि कुनैपनि किसिमको धम्की/दवाव वा हिंसाको गरिएको थियो वा थिएन ?

थियो थिएन

४.१. मतदानका कारण कसै माथि घरेलु हिंसा/लैङ्गिक हिंसा वा विभेदका घटना भएको पाइयो वा पाइएन ?

...........................................................................................................................................

४.२.यदि थियो भने कोबाट धम्की/दवाव वा हिंसाको प्रयोग गरिएको थियो ?

...........................................................................................................................................

५ मतगणनास्थलको सुरक्षा व्यवस्थापन पर्याप्त थियो कि थिएन ?

थियो थिएन

५.१ यदि थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

...........................................................................................................................................

६ मतगणनासम्बन्धी सूचना संप्रेषण विधि सहजुरूपमा उपलब्ध भएको थियो वा थिएन ?

थियो थिएन

७. मतगणनास्थलमा सञ्चारकर्मी तथा पर्यवेक्षकको उपस्थितिको अवस्था कस्तो थियो ?

नभएको उल्लेख न्यून अन्य

८ निर्वाचन पश्चात् मतदान केन्द्रका रूपमा प्रयोग गरिएका विद्यालयहरू तथा अन्य भवन तथा स्थानहरूमा फोहोर व्यवस्थापन वा अन्य कुनै किसिमको क्षति पुऱ्याएको थियो कि थिएन ?

थियो थिएन

...........................................................................................................................................

९ निर्वाचनका क्रममा निर्वाचन कसुर उल्लंघन सम्बन्धी परेका उजुरीहरू उपर उजुरी सुन्ने निकायहरूले प्रभावकारी रूपमा उजुरी ग्रहण गरेका थिए कि थिएनन् ?

थियो थिएन

९.१ थिएनन् भने त्यस्ता उजुरी सुन्ने निकायहरूको व्यवहार कस्तो रहेको थियो?

...........................................................................................................................................

१०. निर्वाचनका क्रममा निर्वाचन सम्बन्धी कसुरका सम्बन्धमा निर्वाचन आयोगद्वारा कारबाही गरिएको थियो वा थिएन ?

थियो थिएन

१०.१ थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

...........................................................................................................................................

११ निर्वाचनपश्चात् शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी थियो कि थिएन?

थियो थिएन

११.१. थिएन भने के कस्ता कमजोरीहरू रहेका थिए ?

.......................................................................................................................................

१२ मतगणना पछि परिणामको घोषणामा अनावश्यक ढिलाई भएको थियो थिएन ?

थियो थिएन

१३ निर्वाचन परिणाम घोषणा पछिको विजय जुलूस शान्तिपूर्ण थियो/थिएन ?

थियो थिएन

१४. विजय जुलूसमा बालवालिकाको प्रयोग भएको पाइयो/पाइएन?

.......................................................................................................................................

१४.१ विजय जुलूसमा विपक्षी दल वा अन्य समूहद्वारा अवरोध गरिएको थियो थिएन ?

थियो थिएन

अवरोध गरिएको भए कुन दल, समूहद्वारा कसरी गरिएको थियो ?

.....................................................................................................................................

१४.२ पराजित तथा अन्य उम्मेदवार/समूहमाथि विजयी दल तथा उम्मेदवारको व्यवहार कस्तो रहेको थियो ?

.........................................................................................................................................

१५.निर्वाचन पश्चात् उपभोक्ता अधिकारमा कुनै प्रभाव पर्‍यो वा परेन ?

..................................................................................................................................

१६ निर्वाचन पश्चात् आर्थिक सामाजिक अधिकार तथा अन्य मानव अधिकार उपभोगमा कुनै प्रभाव पर्‍यो वा परेन ?

..................................................................................................................................

प्रभाव पर्‍यो भने के कसरी प्रभाव परेको पाइयो उल्लेख गर्नुहोस् ।

....................................................................................................................................

## अवलोकनबाट सङ्कलन गरिने सूचनाको विवरण

**(Information Collection from Observation)**

१. मौन अवधिमा निर्वाचन आयोगले जारी गरेको आचार-संहिताको पालना भएको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

१.१ यदि पालना भएको पाइएन भने के/कसरी(भौतिक उपस्थिति/अफलाइन/ अनलाइन वा अन्य माध्यमबाट) उल्लङ्घन भएको थियो ?

...............................................................................................................................................
........................

२. निर्वाचन आयोगले निर्वाचन आचारसंहिताको पालना भएको/नभएको भन्ने विषयमाअनुगमन गरेको पाइयो/पाइएन ?

पाइयो ☐ पाइएन ☐

३. मतदान केन्द्र विद्यालयमा राखिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

३.१ यदि थिएन भने कुन स्थानमा मतदान केन्द्र राखिएको थियो ?

...............................................................................................................................................
........................

४. मतदान केन्द्रसम्म मतदाताहरूको सहज पहुँच थियो वा थिएन ?

थियो ☐ थिएन ☐

४.१ यदि थिएन भने कस्तो प्रकारका समस्याहरू मतदाताले सहनुपरेको थियो ?

...............................................................................................................................................
........................

५. निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै पनि उम्मेदवार/दल वा प्रतिनिधिहरूले अपमानजनक शब्दहरू तथा घृणास्पद अभिव्यक्तिहरू (Hate Speech), हातहतियार, विस्फोटक पदार्थ, लाठी, भाला, खुकुरीजस्ता कुनै पनि जोखिमी हतियारहरूको प्रयोग गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

५.१ प्रयोग गरेका थिए भने कुन उम्मेदवार/दल वा प्रतिनिधिले गरेका थिए ?

.................................................................................................................................................
.......................

६. दल वा उम्मेदवारहरूले आयोजना गरेको जुलुस/आमसभाबाट सार्वजनिक आवागमनमा कुनै अवरोध पुगेको थियो/थिएन ?

थियो ☐ थिएन ☐

७. सरकारी वा सार्वजनिक संस्थानका सवारी साधनहरू कुनै दल विशेषको प्रचारप्रसारमा प्रयोग गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

८. दल/उम्मेदवारहरूले आयोजना गरेको जुलुस/आमसभा वा अन्य कुनै गतिविधिमा बालबालिकाको प्रयोग गरिएको थियो/थिएन ?

थियो ☐ थिएन ☐

८.१ बालबालिकाको प्रयोग गरिएको थियो भने कुन उम्मेदवार वा दलबाट कस्तो कार्यको लागि प्रयोग गरिएको थियो ?

.................................................................................................................................................
.......................

९. दल/उम्मेदवारहरूले प्रचार-प्रसार गर्दा शिष्ट र मर्यादित भाषाको प्रयोग गरेका थिए/थिएनन् ?

थिए ☐ थिएनन् ☐

९.१ यदि थिएन भने कोबाट कसरी (भौतिक उपस्थिति/अफलाइन/ अनलाइन वा अन्य माध्यमबाट)गरिएको थियो ?

.................................................................................................................................................
.......................

**ख) राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनकोअनुगमन गर्दा पालना गर्नु पर्ने आचारसंहिता**

मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन र निर्वाचन प्रव्रिmयाकोअनुगमन गर्ने प्रत्येकअनुगमनकर्ताले निर्वाचन आयोगबाट जारी भएको अतिरिक्त निम्न बमोजिमको अचार संहिताको पालना गर्नु पर्दछ ।

पालाना गर्नुपर्ने

यो आचार संहिताको पालना गर्नु प्रत्येक अनुगनकर्ताको कर्तव्य हुनेछ ।

१. निर्वाचनअनुगमनमा खटिएकाअनुगमनकर्ताले आफ्नो पहिचान लगाउनु पर्दछ । अनुगमनको व्रmममा प्रयोग गरिएको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह र अन्य सामग्रीको उचित सम्भार गर्नु पर्दछ ।
२. अनुगमनकर्ताले निर्वाचनमा खटिएका कर्मचारीहरू र अन्य सम्बन्धित सरोकारवालाहरूलाई आफ्नो, आफूले प्रतिनिधित्व गरेको संस्था रअनुगमनको उद्देश्यको बारेमा स्पष्ट र सही जानकारी दिनु पर्दछ ।
३. अनुगमनकर्ताले निर्वाचनअनुगमनका सबै प्रव्रिmयामा स्वतन्त्र, निष्पक्ष, तटस्थ र विश्वसनीयता कायम गर्नु पर्दछ ।
४. निर्वाचनअनुगमनव्रmममा विभिन्न जातजाति, भाषाभाषी, सम्प्रदाय, वर्ग, लिङ्ग, धर्म, क्षेत्र र संस्कृतिको सम्मान गर्दै लैङ्गिक संवेदनशीलता अपनाउनु पर्दछ ।
५. अनुगमनकर्ताले नैतिकता र सदाचारको पालना गर्दै मर्यादित र शालीन भाषाको प्रयोग र सबैप्रति बिना पूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्नुपर्दछ ।
६. राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्डको सम्मान गर्दै मानव अधिकारको पालना र सम्मानप्रति निष्ठावान रहनु पर्दछ ।
७. निर्वाचनमा खटिएका सबै किसिमका कर्मचारीहरू र निर्वाचन पर्यवेक्षण वाअनुगमनमा खटिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग सम्मानपूर्वक व्यवहार गर्नु पर्दछ ।
८. अनुगमनकर्ताले आयोगबाट निर्धारित चेकलिस्टको आधारमाअनुगमन र अवलोकन गरी सूचना तथा तथ्याङ्क संकलन गर्नुपर्दछ ।
९. अनुगमनको व्रmममा निर्वाचन आयोगबाट खटिएकाअनुगमनकर्ता र अनुमति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग आवश्यकता अनुसार समन्वय गर्नु पर्दछ ।
१०. अनुगमनको व्रmममा कुनै पक्षबाट कुनै पनि किसिमको बाधा, अवरोध सिर्जना भएमा वा सुरक्षा संवेदनशीलताको अवस्था उत्पन्न भईअनुगमनकर्ताबाट तत्काल निर्णय लिनसक्ने अवस्था नभएमा आफु सुरक्षित रही आयोग वा कार्यालय प्रमुख वा सुरक्षा अधिकृतसँग तत्काल समन्वय गरी थप निर्णय लिनु पर्दछ ।
११. अनुगमनकर्ताले आफ्ना अभिव्यक्ति र व्यवहारबाट कसैको भावनामा आघात नपुगोस् भन्ने विषयमा सचेत रही आफ्ना विषयहरू प्रस्तुत गर्दा उनीहरूलाई हुनसक्ने हानितर्फ ध्यान दिनु पर्दछ ।
१२. अनुगमनको व्रmममा प्रत्यक्ष वा परोक्षरूपमा प्राप्त सूचना तथा जानकारीको गोपनीयता कायम राख्नु पर्दछ ।

१३. स्थानीय बासिन्दाहरूको धर्म, संस्कृति, रहनसहन र परम्पराको सम्मान गर्नु पर्दछ ।

१४. सबै राजनितिक दल र उम्मेद्वारहरूबीच समदुरी कायम राख्दै आफू बाहेक अन्य निकायको कार्यदिशको सम्मान गर्नु पर्दछ ।

१५. लैंगिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति वा समुदाय, सीमान्तकृत तथा अति सीमान्तकृत समुदाय र जोखिममा रहेका समुदायप्रति सधैं संवेदनशील रहनु पर्दछ ।

१६. अनुगमन अवधिमा तत्काल कुनै सूचना प्रवाह गर्नुपर्ने भएमा आयोगको प्रवक्ता मार्फत त्यस्तो सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१७. निर्वाचनअनुगमनबाट फर्किएको एक हप्ताभित्रअनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय प्रमुख वा आयोगको केन्द्रीय कार्यालयको सन्धिअनुगमन महाशाखा समक्ष पेश गरी त्यसको बोधार्थ सचिवलाई दिनु पर्दछ।

**अनुगमनको क्रममा गर्न नहुने कार्यहरूगतिविधिहरू**

१. कुनैपनि राजनीतिक दल वा उम्मेद्वारको पक्ष वा विपक्षमा प्रचार-प्रसारमा संलग्न हुन, सामाजिक सञ्जाल वा सञ्चार माध्यमबाट सन्देश प्रवाह गर्न, टिका टिप्पणी गर्न वा इगित गर्न पाइने छैन । तर आयोगले खटाएको अवस्थामाअनुगमन प्रयोजनको लागि राजनीतिक दल वा उम्मेद्वारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन जस्ता कार्यक्रममा भाग लिन सकिनेछ ।

२. नागरिकको निर्वाचन/मतदान गर्न पाउने अधिकारमा कुनैपनि नकारात्मक प्रभाव पार्ने कार्य गर्न हुँदैन ।

३. निर्वाचन/मतदान कार्यमा खटिएका प्रमुख निर्वाचन अधिकारीदेखि मतदान अधिकृत तथा अन्य कर्मचारीहरूको कार्यमा बाधा पुऱ्याउन हुँदैन । साथै मतदानको गोपनीयता भङ्ग हुनेगरी तस्वीर खिच्न हुँदैन ।

४. अनुगमनको व्रmममा कसैलाई पनि हानि नपुऱ्याउने (Do no harm) सिद्धान्त विपरितको कार्य नगर्ने ।

५. अनुगमनसँग सम्बन्धित कुनै विषयमा आफ्नो नाता, सम्बन्ध, स्वार्थ वा हित गाँसिएको अवस्थामाअनुगमनकर्ताअनुगमन कार्यमा संलग्न हुनु हुँदैन ।

६. आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनीतिक, वैचारिक लगायतका आस्थाका आधारमा कुनैपनि प्रकारको भेदभाव गर्न र मानव मर्यादामा असर पर्ने कुनैपनि कार्यहरू गर्न हुँदैन ।

७. अनुगमन कार्यमा खटिएको अवस्थामा कुनैपनि राजनीतिक दल, उम्मेद्वार, मतदाता वा खास समुदायको अनावश्यक र अप्रासङ्गिक टीका टिप्पणी गर्न हुँदैन ।

८. अनुगमन अवधिमा अनुशासन र नैतिक आचरण विपरित मादक पदार्थ एवम् धुम्रपानको सेवन गर्न तथा जुवा तास खेल्न हुँदैन ।

९. कसैलाई पनि अनावश्यक प्रलोभन देखाउने, उक्साउने, होच्याउने वा झिझ्याउने र आफ्नो परिचय वा अन्य कुरा ढाँटेर वा छलेर सूचनाहरू सङ्कलन गर्न हुँदैन ।

१०. आयोगले खटाएको काममा आफ्नो छुट्टै व्यक्तिगत राय बनाइ कुनैपनि मिडिया वा सामाजिक सञ्जालमा सार्वजनिक गर्न हुँदैन ।

११. अनुगमनमा प्रयोग भएका परिचयपत्र, लेटरप्याड, पोशाकलगायत आयोगसँग सम्बन्धित कुनै वस्तु, प्रतिक चिन्ह आदिको दुरूपयोग गर्न हुँदैन ।

१२. अनुगमनको सिलसिलामा प्राप्त भएका तथ्याङ्क, सूचनाहरू, गोप्य सूचना, कर्तव्य पालन गर्दा जानकारीमा आएको वा आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र आयोगको पूर्व स्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यम वा सामाजिक सञ्जालमा सार्वजनिक गर्न, कसैलाई दिन वा प्रकाशन वा प्रसारण गर्न, गराउन हुँदैन ।

१३. आर्थिक अनियमितता गर्ने, कसैमाथि कुनैपनि प्रकारले अनुचित व्यवहार गर्ने तथा आयोगप्रति अनास्था उत्पन्न गर्ने, दुर्भावना फैल्याउने, मर्यादा तथा विश्वसनियतामा आँच आउने कुनै पनि कार्य गर्न हुँदैन।

१४. राजनीतिक दल र उम्मेद्वारहरूबीच पक्षपातपूर्ण र भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।

१५. टोली सदस्यहरूबीच असमझदारी बढाउने गरी कुनै कार्य गर्न हुँदैन ।

**नोटः** आचार संहिताको पालना नभएमा कर्मचारीहरूको हकमा सचिव र सदस्यहरूको हकमा अध्यक्षले गुनासो सुनी प्रचलित कानूनबमोजिम कारवाही अगाडी बढाउन सक्नेछ । अन्य पर्यवेक्षक÷अनुगमनकर्ताको हकमा सम्बन्धित संस्थाको निमयन सम्बन्धी व्यवस्था वा निर्वाचन आयोगबाट जारी आचार संहिता बमोजिम हुनेछ ।